# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) विराटनगर, नेपाल, आश्विन १४ गते, २०७८ साल (अतिरिक्ताङ्क १३


## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## भौतिक पूर्वाधार विकास मन्त्रालयको सूचना

**प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०७८**

प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ लाई समयानुकूल संशोधन गर्न बाञ्छनीय भएकोले,

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १८० ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. १ को प्रदेश सरकारले देहायको नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "**प्रदेश सवारी तथा यातायात व्यवस्था (पहिलो संशोधन) नियमावली, २०७८**" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावलीको नियम ४ मा संशोधन:** प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ४ को,-

(१) उपनियम (१) मा रहेको "पश्चात" भन्ने शब्दको सट्टा "पछि" भन्ने शब्द राखिएको छ र सोही उपनियममा "स्थानीय तहले" भन्ने शब्दहरु पछि "कानून निर्माण गरी" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छ,-

"(४) "सम्वत २०७९ साल असोज मसान्त सम्म यातायात व्यवस्था कार्यालयमा दर्ता भएका तीन पांग्रे ई-रिक्सा सम्बन्धित सवारी धनीले इच्छाएको स्थानीय तहमा स्थानान्तरण गरी दर्ता गर्न चाहेमा त्यस्तो सवारी धनीले अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन परेपछी कार्यालयले सम्बन्धित स्थानीय तहमा अनुसूची-७ बमोजिमको ढाँचामा स्थानान्तरण पत्र पठाई दिनु पर्नेछ।

तर त्यसरी ई-रिक्सा दर्ताको लागी स्थानान्तरण पत्र पठाउँदा पहाडी र हिमाली भूगोल भएका स्थानीय तहमा पठाईने छैन।"

(३) उपनियम (६) मा रहेका "एक वर्ष" भन्ने शब्दहरुको सट्टा "सम्वत २०८० साल असार मसान्त" भन्ने शब्दहरु राखिएका छन् ।

(४) उपनियम (७) को सट्टा देहायको उपनियम (७) राखिएको छ,-

"(७) सम्वत २०७९ साल असोज मसान्त सम्म तीन पांग्रे ई-रिक्साको दर्ता, नवीकरण र नामसारी यातायात व्यवस्था कार्यालयहरुबाट गरिनेछ, सो पछि तीन पांग्रे ई-रिक्साको दर्ता, नवीकरण र नामसारी कुनै पनि यातायात व्यवस्था कार्यालयहरुबाट गरिने छैन।

तर नवीकरण म्याद समाप्त हुने त्यस्तो तीन पांग्रे ई-रिक्सा स्थानीय तहमा स्थानान्तरण नभए सम्मको लागि सम्वत २०८० साल असार मसान्त भित्र प्रचलित कानून बमोजिम तोकिएको दस्तुर लिई नवीकरण गर्न कुनै बाधा पर्ने छैन ।"

३. **<u>मूल नियमावलीको नियम ६९ मा संशोधनः</u>** मूल नियमावलीको नियम ६९ को उपनियम (४) मा रहेका "सञ्चालनमा आएका" भन्ने शब्दहरु पछि "नियम ७० को उपनियम (२) बमोजिम म्याद भएका र प्रचलित कानून बमोजिम वर्गीकरण भए नभएका वा दुबै प्रकारका" भन्ने शब्दहरु राखिएका छन् र सोही उपनियममा रहेका "मापदण्ड पुरा गरी" भन्ने शब्दहरुको पछि "अनुसूची-१ बमोजिमको दस्तुर र नियम ७० को उपनियम (२) बमोजिमको अतिरिक्त दस्तुर समेत बुझाई अनुमतिपत्र प्राप्ति र नवीकरण गरी" भन्ने शब्दहरु थपिएका छन् ।

४. **<u>मूल नियमावलीको अनुसूची-१ मा संशोधनः</u>** (१) मूल नियमावलीको अनुसूची-१ को खण्ड (ग) मा देहायको संशोधन गरिएको छ,-

(क) खण्ड (ग) को क्रम संख्या १ मा रहेको ठूला सवारी निजी सवारी दस्तुर " ७५००" को सट्टा "७५०" राखिएको छ ।

(ख) खण्ड (ग) क्रम संख्या २ मा रहेको मझौला सार्वजनिक सवारीको दस्तुर "७५००" को सट्टा "७५०" राखिएको छ ।

(२) मुल नियमावलीको अनुसूची-१ खण्ड (ङ) को क्रम संख्या (१) मा रहेको ठूला निजी सवारीको दस्तुर "२००" को सट्टा "५००" राखिएको छ।

(३) मुल नियमावलीको अनुसूची-१ खण्ड (त) मा रहेका "उपनियम (१)" भन्ने शब्दहरु पछिको "र (६)" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) मुल नियमावलीको अनुसूची-१ खण्ड (द) मा रहेका "खण्ड (त) र (थ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (त), (थ) र नियम ५२ को उपनियम (६)" भन्ने शब्दहरु राखिएका छन् र "पञ्जीकृत र नवीकरण" भन्ने शब्दहरुको सट्टा "पञ्जीकृत, नवीकरण र संख्यामा थप" भन्ने शब्दहरु राखिएका छन् ।

५. <u>मूल नियमावलीको अनुसूची-३ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-३ मा देहायको संशोधन गरिएको छ,-

(क) खण्ड (ख) मा रहेको संस्थानको कोड "(क)" को सट्टा "(घ)" राखिएको छ ।

(ख) खण्ड (ग) मा रहेका "२४ सिट" भन्ने शब्दहरुको सट्टा "१४ सिट" भन्ने शब्दहरु राखिएको छ ।

(ग) खण्ड (च) को उपखण्ड (४) पछि उदारणार्थ व्यवस्थामा अगाडिको नम्बर प्लेट राख्ने उदाहरणमा भएको दुई लाईनमा नम्बर राख्ने व्यवस्थाको सट्टा देहायको तीन लाईनमा नम्बर राख्नु पर्ने व्यवस्था राखिएको छ,-

"<u>पछाडी</u>
प्रदेश १-०१
०००१ च
११००"

स्वीकृत मितिः- २०७८/०६/१४

**आज्ञाले,**
**मोहनराज चापागाईं**
**प्रदेश सचिव**



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**